**विशिष्टीकरण तालिका**

**कक्षा ६–८** **पूर्णाङ्क : ५०**

**विषयः सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समयः २ घण्टा**

| एकाइ | कार्य घण्टा | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | एकाइगत अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र वोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १. हामी र हाम्रो समाज | १६ | १(१) | | | | १(३) | | | | | ४ |
| २. हाम्रा मानव मूल्य मान्यता | २० | १(१) | १(१) | | | | १(३) | | | | ५ |
| ३. नागरिक चेतना | २० | १(१) | | | | | | | | १(५) | ६ |
| ४. सामाजिक समस्या , विकृति र समाधान | २० | | १(१) | १(१) | १(३) | | | | | | ५ |
| ५. हाम्रो विगत | २० | | | | १(३) | | | १(५) | | | ८ |
| ६. हाम्रा आर्थिक क्रियाकलाप | २० | १(१) | १(१) | | | | | १(५) | | | ७ |
| ७. हाम्रो पृथ्वी | २० | | | | १(३) | | | | १(५) | | ८ |
| ८. जनसङ्ख्या र यसको व्यवस्थापन | १२ | | | | | | १(३) | | | | ३ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १२ | | | १(१) | | १(३) | | | | | ४ |
| जम्मा | १६० | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ | ५० |
| जम्मा प्रश्न सङ्ख्या र अङ्कभार | | ९ X१=९ | | | ७ X ३=२१ | | | ४ X ५=२० | | | |

पाठ्यक्रम विकास केन्द्र

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ X ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ X ३ = २१ |
| धेरै छोटो उत्तर आउने प्रश्न | ९ | ९ X १ = ९ |
| जम्मा | २० | ५० |

**द्रष्टव्यः उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ।**

**ज्ञान वोधबाट ४६ प्रतिशत, प्रयोग र सिर्जनशिलताबाट २८ प्रतिशत र उच्च दक्षताबाट २६ प्रतिशत अङ्कभार रहने छन्।**

पाठ्यक्रम विकास केन्द्र

**कक्षा: ८** **पूर्णाङ्क: ५०**

**विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समय: २ घण्टा**

**समुह (क)**

**अति छोटो उत्तर आउने प्रश्नहरू** **९ X १=९**

१. विकास भनेको के हो ? एक वाक्यमा परिभाषित गर्नुहोस् ।

२. राष्ट्रिय सम्पदा संरक्षण गर्ने कुनै एक उपाय लेख्नुहोस् ।

३. तपाईंको समाजमा सामाजिक एकता र सद्भाव कायम राख्न तपाईंले गर्नुभएको कुनै एक व्यावहारिक अभ्यास उल्लेख गर्नुहोस् ।

४. समावेशीकरणको महत्त्व एक वाक्यमा उल्लेख गर्नुहोस् ।

५. आफ्नो समुदायमा विद्यमान सामाजिक समस्या हटाउन तपाईंले गर्दै आउनु भएको कुनै एक क्रियाकलाप उल्लेख गर्नुहोस् ।

६. नेपालमा सामाजिक समस्या सिर्जना हुनमा कुन तत्त्व बढी जिम्मेवारी भएको ठान्नुहुन्छ र किन ? आफ्नो विचार एक वाक्यमा लेख्नुहोस् ।

७. वैदेशिक रोजगारीले सामाजिक जीवनमा पारेको कुनै एक प्रभाव लेख्नुहोस् ।

८. पर्यटन उद्योगको विकासका लागि चाल्नुपर्ने ठोस कदमको सम्बन्धमा आफ्नो वडाका वडाध्यक्षलाई दिने कुनै एक सुझाव प्रस्तुत गर्नुहोस् ।

९. कानुनको प्रभावकारी कार्यान्वयनले कसरी साइबर अपराध नियन्त्रण गर्न सकिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**समूह (ख)**

**छोटो उत्तर आउने प्रश्नहरू** **७ X ३=२१**

१०.शिक्षाले तपाईंको जीवनमा पारेका कुनै तीन सकारात्मक प्रभाव उदाहरणसहित लेख्नुहोस् ।

११.नेपालको राष्ट्रिय सम्पदा संरक्षणमा तपाईंको भूमिकालाई कसरी प्रभावकारी बनाउनु हुन्छ ? कुनै तीन बुँदामा उल्लेख गर्नुहोस् ।

१२.द्वन्द्व भनेको के हो ? द्वन्द्व व्यवस्थापनका कुनै दुई उपाय लेखी छोटो व्याख्या गर्नुहोस् ।

१३. हाम्रा वीर सहिद पाठ अध्ययनपश्चात् तपाईंले प्राप्त गर्नुभएका कुनै तीन प्रेरणा उल्लेख गर्नुहोस् ।

१४.मौसम र हावापानीबिचको फरक कुनै तीन बुँदामा स्पष्ट पार्नुहोस् ।

१५.नेपालमा जनसङ्ख्या वितरण असमान छ, किन ? आफ्ना तर्क तीन बुँदामा प्रस्तुत गर्नुहोस् ।

१६.नेपालले संयुक्त राष्ट्र सङ्घमा पुऱ्याएको योगदानलाई समेटी दुई साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।

**खण्ड (ग)**

**लामो उत्तर आउने प्रश्न** ४ X ५=२०

१७. नेपालमा सुशासन कायम गर्न कुन कुन पक्ष बाधक देखिन्छन् र किन ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

१८. पुनर्जागरण भनेको के हो ? पुनर्जागरणले विश्वमा पारेका प्रभावमध्ये कुनै तीन प्रभाव उल्लेख गर्नुहोस् ।

१९. नेपालको आर्थिक विकासमा पर्यटन उद्योगले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

२०.पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई आफू बसेको प्रदेशमा पर्ने कुनै एक धार्मिक स्थल र एक नदी सङ्केतमा देखाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र